
जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९
जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९
"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"
# शुभ आरम्भ
Shubharambh National Daily राष्ट्रिय दैनिक
वर्ष ५ | अंक ३०६ | २०८३ साल असार ०८ गते सोमवार | Monday-22-June-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## पचरौता नगरपालिकामा बेरूजुको चाङ : आर्थिक अनुशासनमाथि गम्भीर प्रश्न, जिम्मेवार अधिकारी मौन




***शु.आ. सम्बाददाता***
***बारा, ०७ असार***

बारा जिल्लाको पचरौता नगरपालिकाको आर्थिक प्रशासनमाथि गम्भीर प्रश्न उठेको छ। सार्वजनिक भएको आर्थिक कारोबार सम्बन्धी विवरणअनुसार नगरपालिकामा ठूलो रकम बेरुजु देखिएको छ भने कागजात व्यवस्थापन, फछ्र्यौट प्रक्रिया तथा आर्थिक उत्तरदायित्वमाथि समेत प्रश्न उब्जिएको छ।

आर्थिक वर्ष २०८१/८२ सम्बन्धी विवरणमा नगरपालिकाको विभिन्न शीर्षकमा उल्लेख्य बेरुजु कायम रहेको देखिन्छ । प्रतिवेदनअनुसार असुल गर्नुपर्ने, प्रमाण कागजात पेश नभएको तथा अनियमित देखिएको रकम लाखौँमा रहेको उल्लेख छ । यसले नगरपालिकाको आर्थिक प्रशासन कति कमजोर अवस्थामा सञ्चालन भइरहेको थियो भन्ने प्रश्न उठाएको स्थानीयवासीको भनाइ छ।

सार्वजनिक विवरणमा कार्यालय प्रमुख, लेखा प्रमुख तथा जिम्मेवार प्रशासनिक संरचनाको नामसमेत उल्लेख भए पनि बेरुजु किन बढ्यो, कागजात किन अपूर्ण रहे, तथा आर्थिक प्रक्रिया किन प्रभावकारी बन्न सकेन भन्ने विषयमा स्पष्ट जवाफ आउन सकेको छैन ।

स्थानीय बुद्धिजीवीहरूका अनुसार नगरपालिकाको आर्थिक अनुशासन कमजोर हुँदा विकास बजेटको प्रभावकारिता नै प्रभावित हुने खतरा बढेको छ ।

स्थानीय सरोकारवालाहरूले नगरपालिकाभित्र आर्थिक पारदर्शिता कमजोर बन्दै गएको आरोप लगाउँदै आएका छन् । "जनताको करबाट सञ्चालित स्थानीय सरकारभित्र यति ठूलो बेरुजु देखिनु सामान्य विषय होइन," एक स्थानीय अगुवाले भने, "यसमा जिम्मेवार पदाधिकारीले स्पष्ट जवाफ दिनैपर्छ ।"

प्रतिवेदनमा बेरुजु फछ्र्यौटको प्रक्रिया उल्लेख भए पनि ठूलो हिस्सा अझै कायम रहेको देखिन्छ। यसले आर्थिक प्रशासन सुधारमा अपेक्षित प्रभावकारिता नदेखिएको टिप्पणी हुन थालेको छ । विशेषगरी प्रमाण कागजात पेश नभएको रकमले खर्च प्रक्रियामै प्रश्न उठाएको छ।

स्थानीयवासीहरूले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकको कार्यालय तथा सम्बन्धित निकायले विषयलाई गम्भीर रूपमा लिएर छानबिन गर्नुपर्ने माग गरेका छन् । उनीहरूका अनुसार स्थानीय तहमा आर्थिक अनियमितता नियन्त्रण हुन नसके जनविश्वास थप कमजोर बन्नेछ ।

यता नगरपालिकाका जिम्मेवार अधिकारीसँग प्रतिक्रिया लिन खोज्दा औपचारिक धारणा प्राप्त हुन सकेन । तर प्रशासनिक स्रोतले भने बेरुजु देखिनु मात्रै भ्रष्टाचार प्रमाणित नहुने र धेरै रकम प्रक्रिया तथा कागजात अपुगका कारण देखिने गरेको दाबी गरेको छ ।

## बागमती नदीमा फसेका १४ जनाको सकुशल उद्धार

***शु.आ. सम्बाददाता***
***रौतहट, ०७ असार***



रौतहटको दुर्गाभगवती गाउँपालिका-३ स्थित मत्सरीघाट नजिक बागमती नदीमा फसेका १४ जनाको सशस्त्र प्रहरीले सकुशल उद्धार गरेको छ ।

आइतबार अपराह्न करिब ३:४० बजे मुङको दाल टिपेर घर फर्किने क्रममा ११ जना महिला र ३ जना बालिका गरी १४ जना स्थानीयवासी नदीको बीचमा रहेको टापुमा फसेका थिए । नदीमा अचानक पानीको बहाव बढेपछि उनीहरू जोखिममा परेका थिए । घटनाको जानकारी प्राप्त हुनासाथ सशस्त्र प्रहरी बल नेपाल नं. ११ गण मुख्यालय रौतहटबाट असई यज्ञबहादुर योञ्जनको कमाण्डमा १७ सदस्यीय डिजास्टर म्यानेजमेन्ट (डीएम) टोली र रबर बोटसहित उद्धार टोली परिचालन गरिएको थियो ।

उक्त टोलीले करिब एक घण्टाको प्रयासपछि साँझ ५:०० बजे सबै १४ जनालाई सुरक्षित रूपमा उद्धार गरी घर फर्काएको सशस्त्र प्रहरी बल रौतहटका प्रमुख एसपी रामहरि अधिकारीले जानकारी दिएका छन् ।

समयमै गरिएको उद्धारका कारण सम्भावित मानवीय क्षति टरेको छ । मनसुन सक्रिय भएसँगै नदी तथा खोलामा पानीको सतह बढ्ने भएकाले आवश्यक सतर्कता अपनाउन सशस्त्र प्रहरीले सर्वसाधारणलाई आग्रह गरेको छ ।

## ठोरी गाउँपालिकाको १५ औँ गाउँसभा सम्पन्न
## शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार विकासलाई प्राथमिकता

***हरिकिशोर शर्मा***
***पर्सा, ०७ असार***




पर्साको ठोरी गाउँपालिकाको १५ औं गाउँसभा अधिवेशन आज सम्पन्न भएको छ। गाउँपालिकाको सभाहलमा आयोजित कार्यक्रममा अध्यक्ष लालबहादुर श्रेष्ठले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम सर्वसम्मत रूपमा पारित गरिएको हो ।

मधेस प्रदेश सरकारका वन तथा वातावरण मन्त्री शंकर प्रसाद चौधरीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा गाउँपालिका उपाध्यक्ष गोकुली कुमारी रेग्मी, विभिन्न वडाका वडाध्यक्ष, कार्यपालिका सदस्य, राजनीतिक दलका प्रतिनिधि, सुरक्षाकर्मी, विद्यालयका प्रधानाध्यापक तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो । गाउँसभामा शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पूर्वाधार विकास, सुशासन, वातावरण संरक्षण तथा आर्थिक समृद्धिलाई प्राथमिकतामा राखेर विभिन्न नीति तथा कार्यक्रम अघि सारिएको अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

कार्यक्रममा अवकाशप्राप्त शिक्षक तथा कर्मचारीहरूलाई जनही २५ हजार रुपैयाँसहित सम्मान गरिएको थियो भने एसईइ, कक्षा १२ र कक्षा ८ मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरूलाई नगद पुरस्कार तथा कदरपत्र प्रदान गरिएको थियो ।

त्यसैगरी गाउँपालिकाले आयोजना गरेको टिकटक प्रतियोगिताका विजेताहरूलाई पनि नगदसहित पुरस्कृत गरिएको थियो । सामुदायिक विद्यालयमा अध्ययन गरेका आफ्ना तीनै जना छोरालाई एमबिबिएस पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल बनाएका शिक्षक दलबहादुर स्याङ्बोलाई १ लाख रुपैयाँ नगदसहित विशेष सम्मान गरिएको थियो। आर्थिक वर्ष २०८२/०८३ को उत्कृष्ट कर्मचारीको रूपमा सूचना प्रविधि अधिकृत राजाबाबु पटेल सम्मानित भएका छन्। उनलाई नगद ४३ हजार ६ सय रुपैयाँसहित सम्मानपत्र प्रदान गरिएको गाउँपालिकाले जनाएको छ । प्रमुख प्रशासकीय अधिकृत सरोजकुमार चौधरीको स्वागत मन्तव्य रहेको कार्यक्रमको सहजीकरण हेम चापागाईंले गर्नुभएको थियो । गाउँसभाबाट पारित नीति तथा कार्यक्रमले ठोरी गाउँपालिकाको समग्र विकासलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ ।

## कलैयामा बृहत् सरसफाइ अभियान सम्पन्न, रामजानकी मन्दिर परिसर चम्कियो

***कलैया, ०७ असार***



कलैयाकी अभियन्ता हिरामती कुशवाहाको विशेष पहलमा धार्मिक तथा सार्वजनिक स्थललाई स्वच्छ, सफा र आकर्षक बनाउने उद्देश्यले सञ्चालन गरिएको बृहत् सरसफाइ अभियान सफलतापूर्वक सम्पन्न भएको छ ।

धार्मिक, सामाजिक तथा सांस्कृतिक महत्व बोकेको श्री रामजानकी मन्दिर परिसरमा आयोजित अभियानमा विभिन्न संघसंस्था, समाजसेवी, युवा वर्ग तथा सहयोगी मित्रहरूको उत्साहजनक सहभागिता रहेको थियो । अभियानअन्तर्गत मन्दिर परिसरको सरसफाइ, फोहोर व्यवस्थापन तथा वातावरण सफा राख्ने कार्य गरिएको थियो ।

सहभागीहरूले सरसफाइसँगै धार्मिक तथा सार्वजनिक सम्पत्तिको संरक्षणमा सामूहिक उत्तरदायित्व आवश्यक रहेको सन्देश दिएका थिए । सहभागीहरूको सक्रिय योगदानका कारण अभियान प्रभावकारी र उपलब्धिमूलक रूपमा सम्पन्न भएको आयोजकले जनाएको छ ।

अभियान सम्पन्न भएपछि आयोजक पक्षले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्ने सम्पूर्ण संघसंस्था, समाजसेवी, युवा तथा सहयोगी मित्रहरूप्रति आभार व्यक्त गरेको छ। सामूहिक प्रयास, सेवाभाव र सामाजिक उत्तरदायित्वकै कारण कार्यक्रम सफल भएको उल्लेख गर्दै आगामी दिनहरूमा पनि यस्ता जनहितमुखी तथा सामाजिक अभियानलाई निरन्तरता दिइने जनाइएको छ ।

आयोजकले स्वच्छ, सफा, सभ्य र जिम्मेवार समाज निर्माणका लागि सबै नागरिकलाई सामाजिक सेवामूलक गतिविधिमा सक्रिय सहभागिता जनाउनसमेत आग्रह गरेका छन् ।

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

**ईशनाथ नगरपालिकाद्वारा जनहितमा जारी सन्देश**
- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

**ईशनाथ नगरपालिकाको कार्यालय, औंरैया, रौतहट**


**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - देवताल गाउँपालिका**

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


# सरकार ! रोजगारी नीति कहाँ छ ?



**विष्णु घिमिरे**

काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रायः दैनिक रूपमा देखिने दृश्यले नेपाली समाज, अर्थतन्त्र र राज्य व्यवस्थाको एउटा गम्भीर यथार्थ उजागर गरेको छ। अन्तर्राष्ट्रिय उडानका लागि प्रस्थान गर्ने यात्रुहरूको अत्यधिक भीड, हातमा सुटकेस र काँधमा सपना बोकेर विदेशतर्फ उन्मुख भएका सयौं युवाको अनुहार, अनि बिदाइका भावुक क्षणहरू– यी सबैले एउटा प्रश्नलाई पुनः जीवित बनाएका छन्, 'स्वदेशमा रोजगारी कहिले, सरकार ? अनि सरकारको रोजगारी नीति कहाँ छ ?'

विमानस्थलमा देखिएको यो भीड केवल यात्रुको संख्या होइन; यो नेपालको बेरोजगारी, अवसरको अभाव र राज्यको विकास नीतिमाथिको मौन टिप्पणी हो ।

देशभित्र सम्भावना हुँदाहुँदै पनि लाखौं नेपाली युवा आफ्नो श्रम, सीप र ऊर्जा विदेशी भूमिमा खर्च गर्न बाध्य छन् । उनीहरू देश छोड्न चाहँदैनन्, तर परिस्थितिले विदेशिन बाध्य बनाएको छ ।

नेपालको अर्थतन्त्रको एउटा प्रमुख आधार वैदेशिक रोजगारी बनेको दशकौं भइसक्यो । खाडी राष्ट्रहरू, मलेसिया, दक्षिण कोरिया, जापान, युरोप र अन्य मुलुकमा पसिना बगाइरहेका नेपालीहरूले पठाएको रेमिट्यान्सले देशको अर्थतन्त्रलाई टिकाइरहेको छ । तर, रेमिट्यान्सले अर्थतन्त्र धानिरहेको बेला गाउँहरू युवाविहीन बन्दै गएका छन् । खेतीयोग्य जमिन बाँझिएका छन् ।

गाउँका विद्यालयहरू विद्यार्थी अभावमा खुम्चिँदै छन् । उत्पादनशील उमेर समूहका नागरिक बिदेसिँदा देशभित्रको श्रमशक्ति कमजोर बन्दै गएको छ । आज नेपालका धेरै गाउँमा वृद्धवृद्धा, महिला र बालबालिकाहरू मात्र देखिन्छन् भने युवाहरू विमानस्थलको भीडमा हराइरहेका छन् ।

नेपालमा शिक्षा प्राप्त गरेका हजारौं युवा हरेक वर्ष रोजगार बजारमा प्रवेश गर्छन् । तर, उनीहरूका लागि पर्याप्त अवसर उपलब्ध छैन । निजी क्षेत्र सीमित छ, औद्योगिक विकास सुस्त छ, कृषि क्षेत्र अझै आधुनिक बन्न सकेको छैन र सरकारी रोजगारीको दायरा अत्यन्त साँघुरो छ । यसका साथै योग्यता र क्षमताअनुसारको रोजगारी नपाउनु, न्यून तलब, अस्थिर कार्य वातावरण तथा भविष्यप्रतिको अनिश्चितताले युवाहरूलाई विदेशतर्फ धकेलिरहेको छ ।

एकातिर सरकार युवालाई उद्यमशील बन्न आग्रह गर्छ, अर्कोतर्फ उद्यम सञ्चालन गर्न आवश्यक लगानी, नीति, सहुलियत र बजार व्यवस्थापनको अभावले उनीहरू निराश छन् । फलस्वरूप, विदेशको कठिन श्रम बजार पनि स्वदेशको बेरोजगारीभन्दा आकर्षक देखिन थालेको छ ।

सरकारका प्रतिबद्धता र वास्तविकता भने फरक देखिएको छ । हरेक निर्वाचनमा रोजगारी सिर्जना गर्ने वाचा गरिन्छ । प्रत्येक सरकार परिवर्तनसँगै युवा लक्षित कार्यक्रमको घोषणा हुन्छ । तर, व्यवहारमा ती योजनाहरू अपेक्षाअनुसार कार्यान्वयन हुन सकेका छैनन् । नेपालमा जलविद्युत्, पर्यटन, कृषि, सूचना प्रविधि, पूर्वाधार तथा उत्पादनमूलक उद्योगका क्षेत्रमा पर्याप्त सम्भावना छन् । यदि राज्यले दीर्घकालीन दृष्टिकोणका साथ लगानी आकर्षित गर्ने, उद्योग स्थापना गर्ने, सीपमूलक तालिम विस्तार गर्ने र उद्यमशीलतालाई प्रोत्साहन गर्ने नीति प्रभावकारी रूपमा लागू गर्न सकेको भए आज विमानस्थलमा विदेशिनका लागि यति ठूलो भीड देखिने थिएन ।

वैदेशिक रोजगारी, बाध्यता कि विकल्प ? :

वैदेशिक रोजगारी आफैंमा नकारात्मक विषय होइन । संसारभर श्रमको अन्तर्राष्ट्रिय आवागमन सामान्य प्रक्रिया हो । तर, जब बिदेसिनु अवसरको खोजीभन्दा बढी बाध्यता बन्छ, तब त्यसले राज्यको विकास मोडेलमाथि प्रश्न उठाउँछ । विदेशमा लाखौं नेपालीले आफ्नो श्रम बेचेर देशको अर्थतन्त्रमा योगदान गरिरहेका छन् । तर, ती श्रमिकको पसिनाले निर्माण भएको पुँजीलाई स्वदेशमै उत्पादन र रोजगारी सिर्जनामा प्रयोग गर्न नसक्नु राज्यको कमजोरी हो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा देखिएको भीडले एउटा गम्भीर सन्देश दिएको छ। यो दृश्य केवल यात्रुहरूको आवागमन होइन; यो देशको आर्थिक संरचना, रोजगार नीति र विकास दृष्टिकोणको प्रतिविम्ब हो । हजारौं युवा आफ्नो परिवारको उज्ज्वल भविष्यको सपना बोकेर विदेशतर्फ प्रस्थान गरिरहेका छन् । तर, उनीहरूको मनभित्र एउटा साझा चाहना जीवित छ- 'यदि स्वदेशमै सम्मानजनक रोजगारी पाएको भए, सायद विदेशिनु पर्ने थिएन ।'

नेपालबाट अहिले औसतमा हरेक दिन करिब २ हजार ३ सय नेपाली वैदेशिक रोजगारीका लागि विदेशिने गरेका छन् । अर्थात्, प्रत्येक घण्टा करिब ९५ जना र प्रत्येक ४० सेकेन्डमा एक नेपाली आफ्नो देश छोडेर रोजगारको खोजीमा विदेश प्रस्थान गरिरहेको छ । वार्षिक रूपमा यो संख्या ८ लाखभन्दा माथि पुगिसकेको छ । यो तथ्यांकले एउटा तितो यथार्थ उजागर गर्छ- नेपालका युवाहरू अवसरको खोजीमा विदेश गइरहेका छैनन्, उनीहरू बाध्यतावश बिदेसिन विवश भइरहेका छन् ।

राज्यले अब पनि यो सन्देशलाई गम्भीरतापूर्वक नलिने हो भने आगामी दिनमा विमानस्थलको भिड अझ बढ्नेछ, तर गाउँघर, खेतबारी र उत्पादन क्षेत्र झन् रित्तिँदै जानेछन् । देश विकासको आधार विदेशिने युवाको संख्या होइन, स्वदेशमै अवसर सिर्जना गर्न सक्ने क्षमता हो । त्यसैले आज विमानस्थलको भिडले सरकारसँग पुनः एकपटक सोधिरहेको छ– सरकारको रोजगारी नीति कहाँ छ ? स्वदेशमा रोजगारी कहिले ?

## सम्पादकीय...........

# कोल्हवी नगरपालिकामा बेरूजु र प्रशासनिक स्थायित्वमाथि महालेखा प्रतिवेदनको प्रश्न

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/०८२ को प्रतिवेदनले कोल्हवी नगरपालिकाको आर्थिक अवस्था र प्रशासनिक कार्यशैलीमाथि गम्भीर प्रश्न उठाएको छ । प्रतिवेदनअनुसार नगरपालिकामा उल्लेख्य मात्रामा बेरूजु देखिएको छ भने लामो समयदेखि एउटै कार्यालयमा कार्यरत कर्मचारीको भूमिकामाथि पनि प्रश्न उठाइएको छ । प्रतिवेदनमा नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत पितानाथ लुईटेल कार्यरत रहेको उल्लेख भए पनि उनी हाल सरूवा भइसकेका छन् । त्यस्तै लेखा प्रमुख सुरेन्द्र प्रसाद चौधरी लामो समयदेखि सोही नगरपालिकामा कार्यरत रहेको देखिएको छ । सुशासन, पारदर्शिता र आर्थिक अनुशासन कायम गर्न कर्मचारीको नियमित सरूवा आवश्यक मानिए पनि एउटै संरचना वर्षौंदेखि दोहोरिँदै आएको भन्दै स्थानीयस्तरमा आलोचना बढेको छ । महालेखा प्रतिवेदनअनुसार नगरपालिकामा करोडौं रूपैयाँ बेरूजु देखिएको छ । असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने तथा प्रमाण कागजात नभएका शीर्षकमा ठूलो हिस्सा रहेको बताइन्छ, जसले आर्थिक कारोबारमा कमजोरी देखाएको जानकारहरुको भनाइ छ ।

स्थानीयवासीका अनुसार एउटै कर्मचारी समूह लामो समयदेखि कार्यरत रहँदा आर्थिक पारदर्शिता कमजोर बन्दै गएको छ । लेखा शाखामा लामो समय एउटै नेतृत्व रहँदा खर्च व्यवस्थापन, भुक्तानी प्रक्रिया र योजनाको वित्तीय परीक्षण निष्पक्ष हुन नसकेको आरोप छ । सुशासनका सरोकारवालाहरुले एउटै कर्मचारी लामो समय बस्दा "सेटिङ संस्कृति" बढ्ने, ठेकेदार-कर्मचारी-राजनीतिक नेतृत्वबीच अस्वस्थ सम्बन्ध बन्ने र अनियमितताको जोखिम बढ्ने चेतावनी दिएका छन् । उनीहरुका अनुसार यो अवस्था केवल प्रशासनिक कमजोरी नभई प्रणालीगत समस्या हो ।

नगरपालिकामा विकास निर्माणका खर्च, उपभोक्ता समितिमार्फत गरिएका भुक्तानी तथा कागजातविहीन खर्चमाथि पनि प्रश्न उठेको छ । प्रतिवेदनपछि स्थानीय नागरिकले नगरपालिकासँग स्पष्ट जवाफ माग्न थालेका छन् । नगरपालिकाका अधिकारीहरुले भने बेरूजु प्रक्रियागत विषय भएको दाबी गर्दै आवश्यक कागजात मिलान र फछ्र्योटको काम भइरहेको बताएका छन् । स्थानीय तहमा सुशासन र आर्थिक अनुशासन कायम गर्न प्रभावकारी निगरानी आवश्यक रहेको भन्दै सरोकारवालाहरुले सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् ।


## जनहितमा जारी जरुरी सूचना

सडक हामी सबैको साझा सम्पत्ती हो। यो सम्पत्तीको प्रयोग गर्ने अधिकार हामी सबैको रहेको छ । अनि सडक, पुल, झोलुंगे पुल जस्ता भौतिक पूर्वाधारका संरचनाहरूको संरक्षण गर्नु पनि हामी सबैको दायित्व हो । करोडौंको लगानीमा निर्मित यी संरचनाहरू थोरै लगानीको मर्मत संभारले धेरै समयसम्म टिकाउ र प्रयोगयोग्य रहनेछ । तपाई हाम्रै सानो सहयोग, मेहनत, प्रयास र सुचनाले महत्वपूर्ण भुमिका खेल्नेछ । त्यसैले,

-सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
-निर्माण सामाग्री/ब्यापारिक सामाग्री सडक तथा फुटपाथमा नराखौं ।
-घर, पसल, सवारीसाधनबाट निस्कने फोहोरमैला नालीमा नफालौं ।
-नालीलाई बिभिन्न निर्माणका समयमा नपुरिने गरी निर्माण कार्य गरौं । वा पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी ब्यवस्था गरौं र कार्य सकिए लगत्तै नाली सफा गरौं ।
-सडकमा सवारी साधन धुने, पखाल्ने काम नगरौं ।
-सानातिना पहिरो तथा अन्य कारणले नाली अवरूद्ध भएमा नालीको प्रवाहको लागि हामीले प्रयास गरौं र खेतबारीका कुलो, खानेपानीका पाइपहरू, सडक, नाली, कल्भर्टबाट प्रयोग नगरौं ।
-बाढीपहिरो तथा अन्य कारणबाट सडक तथा संरचनाहरू अवरूद्ध भएमा, क्षति भएमा सम्बन्धित निकायमा तुरून्त खबर गरौं ।

पूर्वाधार विकास कार्यालय, बारा







## अन्तराष्ट्रिय समाचार

# ऊर्जा सङ्कटबीच रुस बन्न सक्ला 'तेस्रो शक्ति'को विकल्प ?

***काठमाडौं*** । दक्षिण-पूर्वी एसियाली देशहरू अहिले ऊर्जा आपूर्तिको अनिश्चिततासँग जुधिरहेका छन् । उनीहरू इरान द्वन्द्वको असर र अमेरिका-चीनबीचको बढ्दो प्रतिस्पर्धाको दबाबमा पनि छन् । यस्तो अवस्थामा रुसले यस क्षेत्रका लागि एक भरपर्दो 'तेस्रो शक्ति' को विकल्पका रूपमा आफूलाई प्रस्तुत गरिरहेको विश्लेषकहरूले बताएका छन् ।

रुसको यो रणनीति बिहीबार कजानमा आयोजित 'आसियान-रुस स्मृति शिखर सम्मेलन' मा प्रस्ट रूपमा देखियो । सम्मेलनमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले यस क्षेत्रका नेताहरूसँग भेटघाट गरे । दुवै पक्ष राजनीतिक र आर्थिक सम्बन्धलाई मजबुत बनाउन सहमत भए । यस क्रममा साइडलाइनमा धेरै द्विपक्षीय सम्झौताहरू पनि भए ।

यस सम्मेलनले रुसलाई 'आसियान' ( दक्षिण-पूर्वी एसियाली राष्ट्रहरूको सङ्गठन) सँग नजिकिने अर्को एउटा मञ्च दियो । यतिबेला यस क्षेत्रका धेरै सरकारहरू आफ्ना ऊर्जा स्रोतहरू विविधीकरण गर्न चाहन्छन् । उनीहरू आफ्ना कूटनीतिक विकल्पहरू खुल्ला राख्न चाहन्छन् । उनीहरू वासिङ्टन वा बेइजिङ कसैको पनि पूर्ण नियन्त्रणमा पर्नबाट जोगिन खोजिरहेका छन् ।

रुसले यस हप्ता ऊर्जासँग सम्बन्धित धेरै सम्झौताहरू गर्‍यो । उसले लाओससँग आणविक ऊर्जाको शान्तिपूर्ण प्रयोगका लागि एक सहयोग रूपरेखामा हस्ताक्षर गर्‍यो । लाओसले सन् २०५० सम्ममा शून्य कार्बन उत्सर्जनको लक्ष्य राखेको छ । यसैका लागि उसले आफ्नो देशमा रुसी डिजाइनको आणविक पावर प्लान्ट बनाउने सम्भावनाहरू खोजिरहेको छ । रुसले मलेसियालाई पनि पेट्रोल, तेल र ग्यास आपूर्तिको ग्यारेन्टी दिएको छ । मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमले पत्रकारहरूलाई बताए अनुसार यसका लागि 'दीर्घकालीन सम्झौता' गर्ने तयारी भइरहेको छ ।

यसैबीच, रुसको सरकारी आणविक ऊर्जा कम्पनी 'रोसाटोम' का महानिर्देशक अलेक्सई लिकाचेभले इन्डोनेसियाको चासोबारे पुष्टि गरे । उनका अनुसार इन्डोनेसियाले फ्लोटिङ्ग आणविक पावर प्लान्टहरू विकास गर्ने योजना बनाइरहेको छ र उसले आणविक प्रविधिमा ठूलो चासो देखाएको छ ।

शिखर सम्मेलनमा इन्डोनेसियाका विदेश मन्त्री सुगियोनोले रुससँगको सहयोग बढाउन आह्वान गरे । वैश्विक द्वन्द्वका कारण उत्पन्न अवरोधहरूका बीच क्षेत्रीय स्थिरता र लचिलोपनलाई बलियो बनाउन उनले यसो भनेका हुन् ।

विदेश मन्त्री सुगियोनोले भने, 'अहिले आसियान क्षेत्रभरि हामी आपूर्ति शृङ्खलालाई बलियो बनाउन र ऊर्जा संक्रमणलाई तीव्र पार्न लगानी गरिरहेका छौँ । यी प्रयासहरूलाई निरन्तरता दिन आसियान एक्लै बस्न सक्दैन । हाम्रा बाह्य साझेदारीहरूको गुणस्तरले हाम्रो क्षमतालाई अझ बलियो बनाउँछ ।'

उनले थपे, 'त्यो लक्ष्य प्राप्तिका लागि आफ्नै साझेदारीहरू रोज्न पाउने हाम्रो अधिकार सबैभन्दा महत्त्वपूर्ण कुरा हो । त्यसैले रुससँगको हाम्रो वार्ताको ठूलो महत्त्व छ ।' यो क्षेत्र तेल आयातमा धेरै निर्भर छ । यस क्षेत्रलाई दैनिक करिब ७५ लाख ब्यारेल तेल चाहिन्छ । तर यहाँ दैनिक ४७ लाख ब्यारेल मात्र उत्पादन हुन्छ । 'अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी' को अनुमान अनुसार यस वर्ष दक्षिण-पूर्वी एसियाको ऊर्जा आयात खर्च १६० अर्ब अमेरिकी डलर पुग्ने देखिन्छ । होर्मुज स्ट्रेट बन्द भएका कारण यस क्षेत्रको ऊर्जा क्षेत्रको कमजोरी प्रस्ट रूपमा बाहिर आएको छ । युनिभर्सिटी मलायाका परराष्ट्र, सुरक्षा र रणनीति विश्लेषक कोलिन्स चोङ यु किएटले भने, 'ऊर्जा सम्भवतः दक्षिण-पूर्वी एसियामा रुसका लागि सबैभन्दा तत्काल उपलब्ध भएको अवसरको झ्याल हो ।'

उनले थपे, 'पश्चिम एसियाको सङ्कट र होर्मुज स्ट्रेटको अवरोधले यस क्षेत्रलाई एउटा कुरा सम्झाएको छ । मध्यपूर्वका ऊर्जा मार्गहरूमा धेरै निर्भर हुनु रणनीतिक रूपमा जोखिमपूर्ण छ ।'

चोङका अनुसार यस क्षेत्रले अहिले वैकल्पिक आपूर्ति मार्गहरू खोजिरहेको छ । यस्तो बेला मस्कोले कच्चा तेल, तरल प्राकृतिक ग्यास र आणविक ऊर्जा जस्ता धेरै क्षेत्रमा आफूलाई दीर्घकालीन आपूर्तिकर्ताका रूपमा स्थापित गर्दैछ ।

उनले भने, 'भियतनाम र लाओससँग हालै भएका आणविक सम्झौताहरू तथा मलेसिया र इन्डोनेसियासँग भएका कच्चा तेलसम्बन्धी व्यवस्थाहरूले यसलाई पुष्टि गर्छन् । यी घटनाले आसियानको ऊर्जा सुरक्षा समीकरणमा प्रवेश गर्ने रुसको ठूलो प्रयासलाई सङ्केत गर्छन् ।'

'आईएसईएएस - युसोफ इसाक इन्स्टिच्युट' की सिनियर फेलो तथा एमआईटी सेन्टर फर इन्टरनेशनल स्टडिजकी भिजिटिङ स्कलर जोआन लिनले पनि आफ्नो विचार राखिन् । उनका अनुसार यस क्षेत्रसँगको सम्बन्ध सुधार्न रुसका लागि ऊर्जा 'राम्रो सुरुआत' हो ।

तर, रुससँगको संलग्नता 'दक्षिण-पूर्वी एसियाको हेजिङ नीति' पनि भएको उनले बताइन् । ऊर्जा सुरक्षाको चिन्ताका बीच यो क्षेत्रले रुसलाई पनि एउटा विकल्पका रूपमा खुल्ला राख्न चाहेको उनको भनाइ छ ।

लिनका अनुसार अल्पकालीन रूपमा रुसका लागि तेल र ग्यास आपूर्तिमा बढी अवसर छ । आणविक सहयोग भने दीर्घकालीन रूपमा आफ्नो बलियो पकड बनाउने रणनीति हो ।

उनले भनिन्, 'प्रतिबन्धहरू, वित्तीय व्यवस्था, ढुवानी र भुक्तानीका तरिकाहरू जस्ता विषयले यसको गतिलाई अझै पनि सीमित गर्नेछन् । तैपनि आणविक सम्झौताहरू महत्त्वपूर्ण छन् । यस्ता सम्झौताले निर्माण, इन्धन, मर्मतसम्भार, तालिम र नियमनका माध्यमबाट दशकौँसम्मको सम्बन्धलाई सुरक्षित बनाउन सक्छन् ।'

रुसले ऊर्जा सङ्कटको समयमा एउटा बाटो फेला पारेको छ । तर विश्लेषकहरूका अनुसार अमेरिका-चीन प्रतिस्पर्धाका बाबजुद उसले दक्षिण-पूर्वी एसियाका मुख्य रणनीतिक साझेदारहरूलाई विस्थापित गर्न सक्ने सम्भावना भने कम छ ।

विश्लेषक चोङले भने, 'परम्परागत रूपमा यो क्षेत्र विभाजित छ । केही देशहरू अमेरिकी सुरक्षा संरचनासँग नजिक छन् । केही देशहरू चीनको आर्थिक प्रभावमा गहिरोसँग जोडिएका छन् । केही देशहरूको भने रुससँग पुरानो रणनीतिक सम्बन्ध छ, विशेष गरी महाद्विपीय दक्षिण-पूर्वी एसियाका देशहरूको ।'

मस्कोले अहिले आफूलाई 'पछिल्लो विकल्पका रूपमा तेस्रो शक्ति' बनाउन खोजिरहेको चोङले थपे । यसले ऊर्जा सुरक्षा, रक्षा खरिद, खाद्य आपूर्ति, आणविक प्रविधि, अन्तरिक्ष सहयोग, अत्यावश्यक खनिज र रणनीतिक विविधीकरणको अभावलाई पूरा गर्न सक्छ ।

'आईएसईएएस - युसोफ इसाक इन्स्टिच्युट' को एक सर्वेक्षण अनुसार आसियानका लागि रणनीतिक महत्त्वका हिसाबले रुस नवौँ स्थानमा पर्छ । यस मामिलामा चीन पहिलो र अमेरिका दोस्रो स्थानमा छन् । उनीहरू रुसभन्दा धेरै अगाडि छन् ।

जोआन लिनले भनिन्, 'केही आणविक र ऊर्जा सम्झौताहरूले ती देशहरूमा रुसको सान्दर्भिकता बढाउन सक्छन् । तर यसले मात्रै समग्र क्षेत्रले मस्कोलाई हेर्ने दृष्टिकोण बदल्न सक्दैन ।' उनले रुसको व्यापार र लगानीको हिस्सा अझै पनि निकै कम रहेको कुरा उल्लेख गरिन् । यसमा चीन, अमेरिका, जापान वा युरोपेली सङ्घ जस्ता प्रमुख साझेदारहरूको जस्तो आर्थिक गहिराइ र क्षेत्रीय उपस्थिति छैन ।

'इन्टरनेशनल क्राइसिस ग्रुप' का वरिष्ठ विश्लेषक जोर्जी एङ्गेलब्रेक्टका अनुसार मस्कोसँग कुनै 'ठूलो गुरुयोजना' नभए पनि उसले यस क्षेत्रमा सम्भावनाहरू खोजिरहेको छ र संलग्न भइरहेको छ । उनले यस हप्ता पुटिन र फिलिपिन्सका राष्ट्रपति फर्डिनान्ड मार्कोस जुनियरबीच भएको भेटको उदाहरण दिए । भेटमा दुवै पक्षले ऊर्जा र खाद्य सुरक्षाबारे छलफल गरेका थिए । सम्बन्ध बढाउनका लागि रुसका लागि यो 'रोचक' माध्यम भएको उनले बताए ।

फिलिपिन्स अमेरिकाको सहयोगी देश हो । उसले व्यावहारिक आवश्यकताका कारण रुससँगको सम्बन्धलाई स्वीकार गरिरहेको हुन सक्छ । तर फिलिपिन्सका नागरिकहरूलाई 'शङ्कास्पद परिस्थिति' मा युक्रेन युद्धमा लड्नका लागि प्रलोभन दिइएको कुरामा पनि मनिला सचेत छ ।

एङ्गेलब्रेक्टले भने, 'त्यसैले प्रश्न अझै बाँकी छः मस्कोले केवल व्यापारिक सम्बन्ध र प्रभाव खोज्ने एक व्यावहारिक शक्तिका रूपमा मात्र बस्न चाहन्छ कि यो क्षेत्रलाई त्योभन्दा बढी प्राथमिकता र ध्यान दिन चाहन्छ?'

रुसले युद्धमा भइरहेको क्षतिका बीच सैनिक भर्तीका लागि दक्षिण-पूर्वी एसियामा प्रयास गरिरहेको हुन सक्छ । यसमा युक्रेनविरुद्ध वैचारिक दबाब दिने जस्ता 'केही गुप्त प्रयासहरू' पनि सामेल हुन सक्ने एङ्गेलब्रेक्टले बताए । चोङका अनुसार मलेसिया, इन्डोनेसिया र फिलिपिन्स जस्ता समुद्री देशहरूसँग रुसको संलग्नता बढ्नुले एउटा कुरा देखाउँछ । उसले आसियानलाई ' बृहत् रणनीतिक मञ्च' का रूपमा हेरिरहेको छ ।

लिनले आसियानका लागि रुसको रणनीतिक सान्दर्भिकता 'कहिल्यै पनि एकनासको नरहेको' र यो परिवर्तन हुने सम्भावना कम रहेको बताइन् । उनले निष्कर्षमा भनिन्, 'समग्र क्षेत्रमै रुसको रणनीतिक स्थान एक्कासि माथि उठ्ने सम्भावना देखिँदैन । बरु केही निश्चित क्षेत्र र छानिएका देशहरूमा मात्रै उसको द्विपक्षीय सान्दर्भिकता बढ्दै जानेछ ।'

# लालबकैया.......

छ । यसैबीच, कतिपय जनप्रतिनिधि स्वयं उत्खननमा संलग्न रहेको र केहीले आर्थिक लाभका कारण मौन समर्थन गरिरहेको आरोपसमेत स्थानीयले लगाएका छन् । जिल्ला समन्वय समितिमाथि पनि अनुगमन र नियन्त्रणमा निष्क्रियता देखिएको गुनासो छ ।

नेपाल सरकारले लागू गरेको ढुंगा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ अनुसार असार १ गतेदेखि भदौ मसान्तसम्म नदीजन्य पदार्थ उत्खनन निषेध गरिएको छ । तर असार ७ गतेसम्म पनि लालबकैया नदीमा उत्खनन र ढुवानी रोकिएको देखिँदैन । प्रहरी तथा प्रशासनले भने समय-समयमा अवैध उत्खनन रोक्ने प्रयास भइरहेको दाबी गर्दै केही ट्र्याक्टर नियन्त्रणमा लिएर कारबाही गरिएको जनाएको छ । यद्यपि स्थानीयवासीले राज्यको राजस्व र प्राकृतिक स्रोतसाधनमाथि भइरहेको दोहन रोक्न तत्काल प्रभावकारी हस्तक्षेपको माग गरेका छन् । सँम्भार :न्युजकारखाना


## विश्रामपुर गाउँपालिका
### विश्रामपुर, बारा

**जनहितका लागि जारी गरिएको सन्देश**

- सार्वजनिक स्थलमा फोहोर नफालौं, गाउँलाई सफा राखौं,
- छोरा छोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन् । बालबालिकाको लालनपालन र शिक्षा दिक्षामा लगानी गरौं,
- जन्म, विवाह, बसाईँसराईँ, मृत्यू आदि व्यक्तिगत घटनाहरु दर्ता गरौं,
- आफ्नो व्यक्तिगत आम्दानी, घर बहाल वा व्यवसायको कर समयमा तिरौं,
- बालश्रमको प्रयोग नगरौं । बालश्रम मुक्त नगर बनाऔं, सबै बालबालिकाहरुलाई विद्यालय पठाऔं,
- गाउँको विकासमा योगदान गरौं, नगरका हरेक गतिविधिमा चासो राखौं ।
- प्लाष्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं । यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्याम्पस जस्तो भयाबह रोग लाग्न सक्छ,
- गाउँलाई वातावरणमैत्री गाउँको रुपमा विकास गरौं, वातावरणमैत्री स्थानीय शाशन अबलम्बन गरौं ।
- घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी २ भागमा छुट्याएर कुहिनेलाई कम्पोट मल बनाई प्रयोग गरौं वा फोहोर संकलन बहानमा मात्र फोहोर फाल्ने बानी बसालौं ।

प्रमुख प्रसाशकीय अधिकृत

## डेंगी नियन्त्रणका तीन उपाय




सिम्रौनगढ नगरपालिका
सिम्रौनगढ बारा

## सावधान रहौं, आगलागीबाट बचौं ।

गर्मी महिना शुरू भएसँगै आगलागीका घटनाहरू बढी हुने गर्दछ । हाम्रो सानो असवाधानीले ठूलो जनधनको क्षति हुने गर्दछ । त्यसैले आगलागीबाट जोगिन सावधानी अपनाऔं ।

१. सलाई, लाईटर जस्ता आगोजन्य पदार्थ बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् । भान्साको काम सकेपछि आगो निभाउन नबिर्सौं ।
२. घर-अफिस तथा सम्वेदनशिल स्थानमा आगो निभाउन यन्त्र राखौं ।
३. आगलागी भएमा चिच्याएर जानकारी गराउँदै सुरक्षित स्थानमा जाऔं ।
४. घरभित्र लुक्ने प्रयास नगर्ने, घरबाहिर निस्केपछि सबै परिवार आए-नआएको यकिन गरौं ।
५. धुवाँ भएको स्थानबाट निस्कदा घोप्टो परेर वा घस्रेर निस्कौं ।
६. शरिरभको कपडामा आगोले टिप्यो भने नदौडिकन आगो निभाएर मात्रै भागौं ।
७. पेट्रोल, मट्टीतेल लगायतका प्रज्जवनशील पदार्थहरू बच्चाको पहुँचबाट टाढा राखौं ।
८. आगो नियन्त्रण नहुने भएमा वारुणयन्त्र वा प्रहरीको १०० नम्बरमा फोन गरी जानकारी गराऔं ।

**करैयामाई गाउँपालिका**
**करैया, बारा**

## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

**ठोरी गाउँपालिका, ध्याङडाँडा, पर्सा**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - फतुवा बिजयपुर नगरपालिका, रौतहट

# ओभरटेक गर्दा बस पल्टियोः बारामा ११ यात्रु घाईते, चालक फरार

*शु.आ. सम्बाददाता*
*कलैया, ०७ असार*

बाराको जितपुरसिमरा उपमहानगरपालिका-१० स्थित नितनपुर चोक नजिक आज बिहान भएको बस दुर्घटनामा ११ जना यात्रु घाइते भएका छन् । वीरगंजबाट सप्तरीतर्फ जाँदै गरेको ना ७ ख २३५ नम्बरको यात्रुबाहक बस ओभरटेक गर्ने क्रममा अनियन्त्रित भई सडकमा पल्टिँदा दुर्घटना भएको प्रहरीले जनाएको छ ।




दुर्घटनालगत्तै इलाका प्रहरी कार्यालय जितपुर, इलाका प्रहरी कार्यालय सिमरा तथा सशस्त्र प्रहरीको टोली उद्धारमा खटिएको थियो । घाइते यात्रुहरूलाई तत्काल उद्धार गरी वीरगंजस्थित विभिन्न अस्पतालमा उपचारका लागि पठाइएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय बाराका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक मीनबहादुर घलेका अनुसार दुर्घटनापछि बस चालक फरार भएका छन् । चालकको खोजी कार्य तीव्र बनाइएको र दुर्घटनाबारे थप अनुसन्धान भइरहेको उनले बताए ।

दुर्घटनामा सप्तरी, पर्सा, बारा, रौतहट तथा सिराहाका यात्रु घाइते भएका छन् । अधिकांश यात्रुको टाउको, छाती, खुट्टा र ढाडमा चोट लागेको प्रहरीले जनाएको छ। केहीको अवस्था सामान्य रहे पनि सिराहा करजना नगरपालिका-११ का ६२ वर्षीय चिनी लाल श्रेष्ठको अवस्था गम्भीर रहेको बताइएको छ । उनको छातीमा गम्भीर चोट लागेको छ र तराई अस्पताल वीरगंजमा उपचार भइरहेको छ ।

घाइतेमध्ये केही यात्रु सामान्य उपचारपछि घर फर्किएको प्रहरीले जनाएको छ। दुर्घटनापछि केही समय सडक क्षेत्रमा तनावपूर्ण अवस्था बनेको भए पनि अहिले अवस्था सामान्य रहेको छ ।

स्थानीयवासीहरूले वीरगंज-पथलैया सडकखण्डमा तीव्र गति, लापरवाहीपूर्वक ओभरटेक तथा ट्राफिक अनुशासनको कमजोरीका कारण बारम्बार दुर्घटना हुने गरेको गुनासो गरेका छन् । उनीहरूले सडक सुरक्षामा कडाइ गर्न तथा सार्वजनिक सवारी चालकको लापरवाहीमाथि निगरानी बढाउन माग गरेका छन् ।

# एलानी जग्गा अतिक्रमण हटाउन अध्यक्ष गुप्ताको कडा चेतावनी

*राजन कुमार बानियाँ*
*पर्सा, ०७ असार*

पर्साको छिपहरमाई गाउँपालिकाका अध्यक्ष मनोज कुमार गुप्ताले गाउँपालिका क्षेत्रभित्र रहेका एलानी (सार्वजनिक) जग्गा अतिक्रमण गरी बसेकाहरूमाथि कडा चेतावनी दिएका छन् ।




विशेष अदालतबाट भ्रष्टाचार मुद्दामा सफाइ पाएपछि थप सक्रिय देखिएका अध्यक्ष गुप्ताले सामाजिक सञ्जालमार्फत सार्वजनिक धारणा व्यक्त गर्दै सार्वजनिक जग्गा कब्जा गरी बसेकाहरूलाई तत्काल जग्गा खाली गर्न आग्रह गरेका हुन् ।

अध्यक्ष गुप्ताले आफ्नो स्टेटसमा लेखेका छन्, "छिपहरमाई गाउँपालिका भित्र रहेका एलानी जग्गा बिघाका बिघा कब्जा गरी बसेका जमिनदारहरूलाई यथाशीघ्र खाली गरी आफ्नो प्रतिष्ठा जोगाउन अनुरोध गर्दछु । गाउँपालिकाले पटक-पटक सूचना गर्दा पनि अटेर गर्नेहरूले यसैलाई अन्तिम सूचना बुझी नेपाल सरकारको निर्णयमा साथ र सहयोग गर्न अपिल गर्दछु ।"

उनले सार्वजनिक जग्गा संरक्षण तथा अतिक्रमण हटाउने विषयमा यसअघि पनि सक्रियता देखाउँदै आएका थिए । पछिल्लो अभिव्यक्तिलाई गाउँपालिकाभित्र सञ्चालन भइरहेको सार्वजनिक सम्पत्ति संरक्षण अभियानको निरन्तरताका रूपमा हेरिएको स्थानीयहरूको भनाइ छ।

अध्यक्ष गुप्ताले अतिक्रमणकारीहरूलाई अन्तिम चेतावनी दिँदै सरकारी निर्णय कार्यान्वयनमा सहयोग गर्न आग्रह गरेका छन् । चेतावनीलाई बेवास्ता गरे कानुनी प्रक्रिया तथा प्रशासनिक कारबाहीमार्फत सार्वजनिक जग्गा खाली गराइने संकेत समेत उनले दिएका छन् ।

विशेष अदालतको फैसलापछि अध्यक्ष गुप्ता थप आत्मविश्वासका साथ सार्वजनिक सम्पत्ति संरक्षण अभियानमा सक्रिय बनेको चर्चा स्थानीय तहमा भइरहेको छ ।

# पाँडेपुरबाट तस्करी आशंकामा खसी-बाख्रासहित पिकअप नियन्त्रणमा

*शु.आ. सम्बाददाता*
*पर्सा, ७ असार*

पर्साको जगरनाथपुर गाउँपालिका-३ पाँडेपुर क्षेत्रमा प्रहरीले तस्करीको आशंकामा खसी-बाख्रा बोकेको एक पिकअप गाडी नियन्त्रणमा लिएको छ । घटनामा संलग्न रहेको आरोपमा चालकसहित दुई जनालाई समेत पक्राउ गरिएको प्रहरीले जनाएको छ ।



जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार भारतबाट अवैध रूपमा भन्सार छलेर नेपालतर्फ ल्याइएको सूचनाका आधारमा चेकजाँच गर्ने क्रममा बागमती प्रदेश ०३-००१ च १४८५ नम्बरको पिकअप गाडी नियन्त्रणमा लिइएको हो ।

प्रहरीले गाडीबाट २० वटा चौपाया बरामद गरेको जनाएको छ। बरामद गरिएका चौपायामध्ये १५ वटा बाख्रा, ४ वटा खसी र १ वटा बोका रहेका छन् ।

घटनापछि गाडीमा सवार चालकसहित दुई जनालाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ। पक्राउ परेका व्यक्ति, पिकअप गाडी तथा बरामद चौपायालाई थप कारबाहीका लागि आइतबार वीरगन्ज भन्सार कार्यालयमा बुझाइएको छ ।

सीमावर्ती क्षेत्रमा पछिल्लो समय अवैध रूपमा पशु चौपाया ओसारपसार हुने क्रम बढ्दै गएको भन्दै प्रहरीले निगरानी र चेकजाँचलाई थप कडा बनाइएको जनाएको छ ।

# धोबीनीमा मोटिभेशनल कार्यक्रम तथा अन्तर विद्यालय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न

*राजन कुमार बानियाँ*
*पर्सा, ०७ असार*

पर्साको धोबीनी गाउँपालिकामा ह्युमन लभ च्यारिटी फण्डको आयोजनामा विद्यार्थीहरूमा शिक्षा, सकारात्मक सोच, नेतृत्व क्षमता तथा आत्मविश्वास अभिवृद्धि गर्ने उद्देश्यले मोटिभेशनल कार्यक्रम तथा अन्तरविद्यालय हाजिरी जवाफ प्रतियोगिता भव्य रूपमा सम्पन्न भएको छ ।



संस्थाका प्रमुख सल्लाहकार मुकेश पटेलको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथिका रूपमा मोटिभेशनल स्पिकर दिवेश कुमार गुप्ताको उपस्थिति रहेको थियो । कार्यक्रममा मनौर अहमद, नसरोदिन अन्सारी, जितेन्द्र राम, रामप्रसाद थारु, नवलेश रामलगायत शिक्षक, बुद्धिजीवी, समाजसेवी तथा विद्यार्थीहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

कार्यक्रमको सुरुआत संस्थाका उप-कोषाध्यक्ष बिकास कुमार साहको स्वागत मन्तव्यबाट भएको थियो । उनले शिक्षा समाज परिवर्तनको प्रमुख आधार भएको उल्लेख गर्दै अनुशासन, सकारात्मक सोच, नैतिक मूल्य तथा समाजसेवाको महत्वबारे प्रकाश पारे । साथै विद्यार्थीहरूलाई निरन्तर मेहनत, लगनशीलता र असल चरित्रमार्फत सफलता हासिल गर्न प्रेरित गरेका थिए ।

कार्यक्रमको मुख्य आकर्षणका रूपमा रहेको मोटिभेशनल सत्रमा प्रमुख अतिथि दिवेश कुमार गुप्ताले लक्ष्य निर्धारण, समय व्यवस्थापन, आत्मविश्वास, सकारात्मक सोच तथा सफल जीवन निर्माणका विविध पक्षबारे प्रेरणादायी विचार व्यक्त गरेका थिए। उनका भनाइले विद्यार्थीहरूमा नयाँ उत्साह र ऊर्जा थपिएको सहभागीहरूले बताएका छन् ।

यसैबीच आयोजित अन्तरविद्यालय हाजिरी जवाफ प्रतियोगितामा विभिन्न विद्यालयका विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहेको थियो । प्रतियोगितामा श्री नौगावा माध्यमिक विद्यालय, चेर्गहा प्रथम, श्री मंगल माध्यमिक विद्यालय, भिस्वा द्वितीय, भेडीहारी माध्यमिक विद्यालय तृतीय तथा श्री अजिज मियाँ माध्यमिक विद्यालय, धोबीनी चतुर्थ स्थान हासिल गर्न सफल भएका छन् ।

त्यसैगरी श्री जिल्ला उचाङल रामदेव कलवार माध्यमिक विद्यालय, पोखरिया पाँचौं, श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, भिखम्पुर छैटौं तथा श्री काली प्रसाद लाखे माध्यमिक विद्यालय, लङ्गडी सातौं स्थानमा रहेका छन् ।

आयोजकका अनुसार कार्यक्रमले विद्यार्थीहरूमा ज्ञान अभिवृद्धिसँगै आत्मविश्वास, नेतृत्व क्षमता, तार्किक सोच, प्रतिस्पर्धात्मक भावना तथा सकारात्मक दृष्टिकोण विकास गर्न महत्वपूर्ण भूमिका खेलेको छ। यस्ता कार्यक्रमले समाजमा शैक्षिक जागरण र युवाहरूमा सकारात्मक परिवर्तन ल्याउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

कार्यक्रम सफल बनाउन सहयोग पुऱ्याउने अतिथिवर्ग, शिक्षक, अभिभावक, पत्रकार, समाजसेवी, विद्यार्थी तथा संस्थाका सम्पूर्ण सदस्यहरूप्रति ह्युमन लभ च्यारिटी फण्ड परिवारले आभार व्यक्त गरेको छ । संस्थाले आगामी दिनमा पनि शिक्षा, स्वास्थ्य, सामाजिक सेवा तथा मानव कल्याणका क्षेत्रमा यस्ता रचनात्मक कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ ।

# लालबकैया नदीमा अवैध दोहनः टेण्डरबिनै दैनिक सयौँ ट्र्याक्टर गिटी-बालुवा निकासी

*शु.आ. सम्बाददाता*
*रौतहट, ०७ असार*

रौतहटको पश्चिमी क्षेत्रमा बग्ने लालबकैया नदी यतिबेला अवैध नदीजन्य पदार्थ उत्खननको चपेटामा परेको छ । कानुनी रूपमा टेण्डर प्रक्रिया सम्पन्न नभएको अवस्थामा समेत ढुंगा, गिटी र बालुवा खुलेआम उत्खनन तथा ढुवानी भइरहेको स्थानीयवासीले आरोप लगाएका छन् । स्थानीयका अनुसार प्रहरी, केही जनप्रतिनिधि र उत्खननमा संलग्न समूहबीचको कथित 'सेटिङ'का कारण नदी दोहन रोक्न नसकिएको गुनासो बढ्दै गएको छ। गुजरा नगरपालिका तथा फतुवा विजयपुर नगरपालिका क्षेत्रअन्तर्गत जंगलसहिया, सिमरी, राँगी र बोटावा घाटबाट बिहानदेखि रातिसम्म नदीजन्य पदार्थ निकालिने गरिएको स्थानीय समाजसेवीहरूको दाबी छ ।




समाजसेवी शिवपुजन यादवका अनुसार सम्बन्धित सुरक्षा निकायलाई मासिक रकम बुझाएर ट्र्याक्टर तथा टिपरहरू निर्वाध रूपमा सञ्चालन भइरहेको आरोपसमेत छ। उनका अनुसार दैनिक सयौँ ट्र्याक्टर विभिन्न स्थानीय तहमा नदीजन्य पदार्थ ढुवानी गर्दै आएका छन् ।

आर्थिक वर्षको अन्तिम चरणमा विकास निर्माणका काम तीव्र हुने भएकाले गिटी-बालुवाको माग बढेसँगै अवैध उत्खनन झन् तीव्र बनेको स्थानीयवासीको भनाइ छ । यस विषयमा स्थानीय तहदेखि केन्द्रसम्म उजुरी दिइए पनि प्रभावकारी कदम नचालिएको गुनासो गरिएको छ ।

फतुवा विजयपुर नगरपालिकामा नदी ठेक्का सम्बन्धी भ्रष्टाचार मुद्दापछि टेण्डर प्रक्रिया प्रभावित बनेको बताइन्छ। गुजरा नगरपालिकामा पनि पछिल्ला दुई वर्षदेखि ठेक्का प्रक्रिया अगाडि नबढेको स्थानीयको आरोप

बाँकी तेश्रो पृष्ठमा

परवानीपुर गाउँपालिका द्वारा जनहितमा जारी सन्देश

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

परवानीपुर गाउँपालिकाको कार्यालय, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - फेटा गाउँपालिका, बारा